# राप्ती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय मुसरिया,दाङ

## लुम्बिनी प्रदेश, नेपाल

# सामाजिक परीक्षण प्रतिवेदन

## आ.व. २०७९/०८०


प्राविधिक सहयोगी/परामर्शदाता

**सोलुसन रिसर्च पोइन्ट प्रा.लि**

**कीर्तिपुर, काठमाण्डौं**



असार २०८१

## कार्यकारी सारांश

राप्ती गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) अनुसार गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन बर्षमा एकपटक सामाजिक परीक्षण गर्नुपर्ने प्रावधान गरेकोछ । जनतासँग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने स्थानीय तह भएकोले स्थानीय तहसँग जनताका इच्छा आकाँक्षाहरु बढ्नु स्वाभाविक हो । स्थानीय तहले सम्पादन गर्ने काम कारबाहिमा पारदर्शिता र सेवाग्राहिप्रति जवाफदेहिता अभिबृद्धि गर्न र सुशासन कायम गर्न विभिन्न नीतिहरु अबलम्बन गर्दै आएकोछ । स्थानीय स्तरमा भए/गरेका कामकारबाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । राप्ती गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० मा तर्जुमा गरेको नीति योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा बिश्लेषण गर्ने र आगामि दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागीतामूलक, पारदर्शी, नतिजामूलक तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्य अनुरुप सामाजिक परीक्षण कार्यक्रम संचालन गर्नुको साथै यसको निष्कर्षलाई प्रतिवेदनको रुपमा प्रस्तुत तथा सार्वजनिक गरिएकोछ ।

स्थानीय सरकार संचालनको पहिलो पाँचबर्षको अवधिमा संघीयताको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानीय सरकार र स्थानीय सरकार संचालनका आधारभूत आधारशीला तयार भएकोछ । गाउँपालिकाले विकास र सुशासनको निमित्त विभिन्न कानूनको निर्माण गरी संस्थागत र संरचनागत विकास गरिरहेको अवस्थाछ । संगठन, जनशक्ति र कानून जस्ता आधारभूत पक्षमा भएका कार्यहरुले नीति कार्यक्रम र बजेट कार्यान्वयनमा अघि बढेको देखिन्छ । यस गाउँपालिकाभित्र गरिएको छलफलको आधारमा समय र श्रोत साधनका कमीका कारण कतिपय साझेदार नागरिक समाजका संस्थाहरुको विवरण र उपलब्धीलाई परीक्षणको क्रममा अध्ययन, सर्बेक्षण तथा बिश्लेषण गर्न नसकिएको भएता पनि राप्ती गाउँपालिकाले समग्रमा ८०% उपलब्धी हासिल गर्न सफल भएको उपलब्ध तथ्याङ्क, अध्ययन, सर्वेक्षण र अभिमत संकलन विवरणबाट देखिएकोछ । तथापि जनस्तरमा गाउँपालिका प्रतिको विश्वास र सेवा प्रवाहमा चुस्तता ल्याई यसको माध्यमबाट अझ प्रभावकारी, सरल र सहज बनाउन भने आवश्यक देखिन्छ । गाउँपालिकाले सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न पर्याप्त लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, गैसस, नीजी क्षेत्र तथा गाउँबासीबीच साझेदारीमा बृद्धि गर्ने कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउनुपर्ने देखिन्छ ।

गाउँपालिकासँग वडाहरुको सडक सिधै सम्पर्क रहेको तथा गाउँपालिका र वडाको भौतिक पूर्बाधार प्रभावकारी रहेको देखिन्छ । स्थानीय तह संस्थागत स्वमूल्याङ्कन र स्थानीय तह बित्तीय सुशासन जोखिम

मूल्याङ्कनको नतिजा उत्कृष्ठ रहेको देखिन्छ । गाउँपालिकामा सेवा प्रवाहमा विभिन्न सफ्टवेयरको प्रयोगद्वारा सेवा सुविधामा प्रवाह गरिएको साथै राप्ती गाउँपालिकाको आवधिक योजना निर्माण भई सोही अनुसार कार्य गरिएको देखिन्छ । सबै विद्यालयहरु प्रविधिमैत्री बनाउने कार्यका लागि कम्प्युटर, ल्यापटप र प्रिन्टरको व्यवस्था गरिएको तथा उपचारको लागि सिफारिस तथा आर्थिक सहयोग गरिएको देखिन्छ । कृषि एम्बुलेन्स सहित कृषि संकलन केन्द्र स्थापना गर्नु पनि गाउँपालिकाको प्रभावकारी पक्षको रुपमा लिन सकिन्छ । किसानहरुलाई बीऊ वितरण, साना चिस्यान केन्द्र स्थापना, रोजगारीको तथ्याङ्क अध्यावधिक, खानेपानी तथा सरसफाई समिति गठन गरी सरसफाई सचेतना कार्यक्रम संचालन भएको देखिन्छ ।

लुम्बिनी प्रदेशको केन्द्र पनि भएको हुँदा गाउँपालिकाले प्राथमिकतामा राखेको गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाको विकास र विस्तार, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि, गौरवका आयोजनाहरुको कार्यान्वयन, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास एवं सुशासन प्रबर्द्धन लगाएत विभिन्न विषयगत विकासको लागि आगामि आर्थिक वर्षमा कार्यक्रम तथा नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । दीगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसलाई मूर्तरुप दिनुपर्ने देखिन्छ । सहभागीतामूलक ढंगबाट योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणाली अबलम्बन गरी योजना तथा कार्यक्रमहरुको सुपरिबेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । गाउँपालिका तथा वडाका कामलाई अनुगमन तथा मूल्याङ्कलाई समयवबद्ध र सूचकमा आधारित बनाउनु पर्ने, राजस्व व्यवस्थापनमा नदिजन्य पदार्थको व्यवस्थापनमा कानुनी तथा व्यवहारिक अड्चनहरु फुकाउनु पर्ने, अर्थपूर्ण जनसहभागीता बढाउनु पर्ने, गाउँपालिका तथा वडामा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्ने औजारहरु ( सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण) को प्रभावकारी र नियमित प्रयोग गर्नुपर्ने देखिन्छ । साथै लैससासको विश्लेषण गरी लैससासमैत्री संरचना तथा कार्यक्रम कार्यान्वयन गर्नुका साथै शाखागत समन्वय तथा शाखालाई पूर्ण जिम्मेवारी दिन सकिएमा गाउँपालिकाको कार्य अझै प्रभावकारी हुने देखिन्छ ।

अन्तमा, सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको उपस्थितिमा प्रस्तुत गरिएकोछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षक/ परामर्शदातावाट अन्तिम प्रतिवेदन तयार भएकोछ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको बिश्लेषणबाट प्रभावसम्मको अवस्थाको आंकलन गर्न गरिएको सामाजिक परीक्षण निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरणको आधारमा भबिष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसको निष्कर्षले सघाउँनेछन् । स्थानीय सरकारको समग्र सामाजिक उत्तरदायित्व परीक्षणको अभ्यास नौलो भएकाले अनुशिक्षण, तालिम, प्रचारप्रसार र समय सापेक्ष सुधारको आवश्यकता रहेको देखिन्छ । सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता सामाजिक जवाफदेहिता अभिबृद्धि हुने क्रियाकलापहरु नियमित रुपमा गाउँपालिकाले कार्यविधि नै बनाई संचालन गर्नुपर्ने देखिन्छ ।

# विषयसूची


| क.सं | विषयवस्तु | पेज नं. |
|---|---|---|
| कार्यकारी सारांश | | |
| १. | पृष्ठभूमि | १-२ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | २ |
| ३ | अध्ययन विधि | ३-६ |
| ४ | अध्ययनका सीमा | ६ |
| ५ | बृहत् छलफल कार्यक्रमको विवरण | ६ |
| ६ | स्थानीय तह र विषयगत कार्यालय/गैरसरकारी संस्थाहरुको विवरण | ६ |
| ७ | सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु | ६-८ |
| ८ | सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु | ८-९ |
| ९ | सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु | ९-१४ |
| १० | अनुसूची-१, स्थानीय तहको विवरण अनुसूची-५ अनुसार | १५-३७ |
| ११ | अनुसूची-२, गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रियाबाट प्राप्त सुझाव | ३८-४० |
| १२ | अनुसूची-३, स्थानीय तह संस्थागत स्वमूल्यांकनको नतिजा | ४१-४२ |
| १३ | अनुसूची-४, बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा | ४३ |
| १४ | अनुसूची-५, सामाजिक परीक्षणमा उपस्थिति सहभागीको माइन्यूटको प्रतिलिपि | ४४ |
| १५ | अनुसूची-६, समुदायमा भरिएको फारामको नमूना | ४५-४६ |
| १६ | अनुसूची-७, सामाजिक परीक्षणको केही तस्वीर | ४७-५० |

| | | |
|---|---|---|
| १७ | अनुसूची-८, सामाजिक परीक्षणमा संलग्न व्यक्तिको विवरण | ५१ |

**श्री अध्यक्षज्यू**
**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय मुसरिया, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल ।**

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुसरिया दाङ र यस सोलुसन रिसर्च पोइन्ट प्रा.लि कीर्तिपुर, काठमाण्डौंबीच राप्ती गाउँपालिकाको आ व. २०७९/०८० को सामाजिक परीक्षण संचालन गरी प्रतिवेदन तयार गर्नको लागि भएको सम्झौता बमोजिमको प्रक्रिया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. पृष्ठभूमि

सामाजिक परीक्षण कुनैपनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षणबीच केही समानताहरू छन् । यी दुबैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश तथा प्रतिवेदन तयारी गरिन्छ । फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन तथा कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् । पहिलो पटक सामाजिक परीक्षण गरिंदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संस्थागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । सामाजिक परीक्षण बर्षमा एकपटक गर्नुपर्ने व्यवस्था रहेकोछ । यसका लागि स्थानीय तहसँग प्रत्यक्ष सम्बन्ध नभएको बिज्ञलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्छ ।  सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय तहले एक समन्वय समिति गठन गर्नेछ । कतिपय अवस्थामा समन्वय समितिको गठन बाध्यात्मक भने हुनेछैन ।

राप्ती गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहीता बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रक्रियामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न सामाजिक परीक्षण संचालन गरिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नुको उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेहि बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी ब्यवस्था रहेकोछ । आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था गरेकोछ । उपरोक्त व्यवस्था बमोजिम यस गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एकपटक सामाजिक परीक्षण गर्नु पर्दछ । यस अन्तर्गत सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय सरकारका ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको

सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ अनुसार सामाजिक परीक्षण भन्नाले स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गरी अध्ययन प्रतिवेदन तयार गर्ने औजारलाई सामाजिक परीक्षण भनिन्छ । कार्यालयको समग्र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले स्थानीयबासीमा आर्थिक सामाजिक विकासले गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन कार्य सम्झनुपर्छ भनी परिभाषित गरेकोछ । सामाजिक परीक्षण गर्दा गत आर्थिक वर्ष समाप्त भएपछि चालु आर्थिक बर्षको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम/आयोजना बिशेषको थप सामाजिक परीक्षण गर्न समेत सक्ने समेत व्यवस्था यसले गरेकोछ । यस कार्यलाई मूर्तरुप दिन परामर्शदाता संस्थाका विषयबिज्ञहरु परिचालन गरी स्थानीय सरकारले गत आर्थिक बर्षको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गरी यो सामाजिक परीक्षण प्रतिवेदन तयार गरिएकोछ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

राप्ती गाउँपालिकाको एक आर्थिक बर्षमा गाउँपालिकाको समग्र सामाजिक उत्तरदायित्व परीक्षण ( लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षण संचालनको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- स्थानीय सरकारले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्देश्य, बजेट आम्दानी र यसबाट प्राप्त सामाजिक उपलब्धीहरुको बिश्लेषण गर्ने ।
- गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्ने ।
- गाउँपालिकालाई कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- गाउँपालिकाको गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावी कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- लक्षित उद्देश्य पूरा भए/नभएको, बजेट सहि रुपमा खर्च भए/नभएको समिक्षा गर्दै स्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरि गरिएको थियो :

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

राप्ती गाउँपालिकाबाट नियुक्त परामर्शदाता संस्थाका विषयविज्ञ/सामाजिक परीक्षकहरुले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय सरकार संचालन ऐन २०७४, कार्यविधिहरू, निर्देशिकाहरू, स्थानीय सकारको बार्षिक कार्यक्रम, लक्ष्य, प्राथमिकता, आवधिक तथा बार्षिक योजना, कार्यपालिकाका निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदन, सार्वजनिक सुनुवाई प्रतिवेदन, बार्षिक प्रगती प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात् राप्ती गाउँपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा समीक्षा र बिश्लेषण समेत गरी प्रतिवेदनमा समेटिएकोछ । अध्ययन, पुनरावलोकन र समीक्षाबाट स्थानीय सरकारको सामाजिक उत्तरदायित्व बिशेष गरी सामाजिक परीक्षण सम्बन्धी कानूनी, नीतिगत, निर्देशिका, कार्यविधि, योजना तथा नीति कार्यक्रमका व्यवस्थाहरु तपसिल बमोजिम प्रस्तुत गरिएकोछ । सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७ मन्त्रालयबाट पठाई स्थानीय सरकारले स्थानीयकरण गरी कार्यान्वयन गरिरहेका छन् । सोही कार्यविधि अनुरुप सामाजिक परीक्षण संचालन गरिएकोछ ।

### ३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण

स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेत जनप्रतिनिधि, कर्मचारी, विषयगत समिति संयोजक, वडा अध्यक्ष, कार्यपालिका सदस्य, स्थानीय संचारकर्मी, नागरिक समाजका प्रतिनिधिका लागि एकदिने अभिमुखीकरण कार्यक्रम **मिति २०८१ जेठ २४ गते** संचालन गरिएको थियो । राप्ती गाउँपालिकाको सभा हलमा आयोजना गरिएको कार्यक्रममा २० जनाको सहभागीता रहेको थियो ।

### ३.३ सामाजिक परीक्षण समन्वय समिति परिचालन

राप्ती गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न गाउँपालिका स्तरीय सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने व्यवस्था कार्यविधिले गरे बमोजिमको कार्यलाई समन्वय र सहयोगको लागि व्यवस्था गर्ने सबै जिम्मा परामर्शदाता मार्फत गरिएको थियो ।

### ३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता

राप्ती गाउँपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्रममा परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत शाखा प्रमुख/ जनप्रतिनिधिसँग अर्धसंरचित अन्तरवार्ताबाट सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । सूचना तथा तथ्याङ्क

संकलनको क्रममा गाउँपालिका, वडा कार्यालय, कार्यपालिका सदस्य, बिषयगत समिति संयोजक, बिषयगत शाखा प्रमुख तथा सेवाग्राहीसँग अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयका लागि सम्बन्धित शाखा प्रमुख कर्मचारीहरूसँग छलफल गरिएको थियो । साथै सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने सन्दर्भमा प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएकोछ ।

### ३.५ समूह छलफल

सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ता, समूह केन्द्रीत छलफलबाट समेटिन नसकेका विषयहरूका लागि गाउँपालिका तथा विषयगत शाखाका कर्मचारी र सेवाग्रहीको सानो समूहमा समूह छलफल गरी सूचना संकलन तथा छलफलको निष्कर्ष निकालिएको थियो ।

- मुख्य पदाधिकारी र कर्मचारीसँग अन्तरवार्ता (सूचना अधिकारी, प्रशासन, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, पशु सेवा, महिला तथा बालबालिका शाखा, रोजगार सेवा केन्द्र, लेखा शाखा आदि)
- समूह छलफल (लक्षित समूह, उपभोक्ता समूह/समिति तथा सेवाग्राही)

### ३.६ स्थलगत अवलोकन तथा निरीक्षण

सामाजिक परीक्षणका क्रममा गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएकोछ । साथै गाउँपालिकाबाट विभिन्न क्षेत्रमा कार्यान्वयन भएका योजनाबाट सामाजिक तथा आर्थिक रुपमा पारेका प्रभाव, समस्या लगायतका विषयमा स्थलगत अवलोकन गरिएको थियो । जसको विस्तृत विवरण***अनुसूची-२* मा** राखिएकोछ ।

### ३.७ प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा छलफल

गाउँपालिकाले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा सार्वजनिक जवाफदेहिता प्रर्वद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५ र ६ को आधारमा अनुसूची-९ अनुसार प्रतिवेदन तयार गरिएकोछ । यसरी तयार गरिएको प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रीत गरी सार्वजनिक बहस कार्यक्रममा छलफलको लागि प्रस्तुत गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- गाउँपालिकाको प्राथमिकता तथा लक्ष्यहरू
- गाउँपालिकाको गतवर्षको मुख्य उपलब्धिहरू
- विगत एकबर्षमा गरिएका मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामि दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

## ३.८ प्रतिवेदन तयारी

सामाजिक परीक्षणको प्रतिवेदन विभिन्न छलफल, अन्तरक्रिया तथा पृष्ठपोषण प्राप्त भएपश्चात् सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-९ अनुसार निम्नानुसार तयार गरिएकोछ :

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफलको कार्यक्रमको विवरण
- स्थानीय तहको विवरण (अनुसूची-५ र ६)
- सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमीकमजोरीहरु
- सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नुपर्ने कदमहरु वा सुझावहरु

## ३.९ प्रारम्भिक प्रतिवेदन प्रस्तुती

राप्ती गाउँपालिकामा सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५,६ र ९ अनुसारको प्रतिवेदन गाउँपालिकाद्वारा आयोजित भेलामा प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक बहस कार्यक्रम तथा कार्यक्रममा उपस्थित हुन पालिकाले प्रमुख सरोकारवालाहरू तथा जनप्रतिनिधि, नागरिक समाज, कर्मचारी, लक्षित वर्ग, बालवालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, बुद्धिजीवी लगायतसँग अन्तरक्रियाका लागि सार्वजनिक सूचनाद्वारा आह्वान गरिएको थियो । उक्त कार्यक्रममा निम्नानुसारको प्रस्तुतीकरण गरिएको थियो :

- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान गरिएको ।
- सामाजिक परीक्षकबाट कार्यविधिको अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको ।
- सहभागीहरुले गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधार, विकास योजनाहरूमा जनसहभागीताको अवस्था, समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू, बालबालिका, महिला, दलित, जनजाति, गरीब, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता, सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगायको समय र कार्य सम्पादनको अवस्था, सामाजिक उत्तरदायित्व पूरा गर्न  जनप्रतिनिधि तथा कार्मचारीको कार्यशैलीमा सुधार ल्याउन, नगरपालिका तथा वडाहरुमा सामाजिक जवाफदेहिताका औजारहरुको प्रयास र प्रभावकारीताको विषयमा छलफल भएको ।

- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीमा उठेका विषयवस्तुहरू सामाजिक परीक्षकबाट अन्तिम प्रतिवेदनमा समावेश गरिएकोछ ।

### ३.१० प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन

सामाजिक परीक्षकद्वारा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-९ अनुसार गाउँपालिका प्रमुख समक्ष पेश गरिएकोछ । गाउँपालिकाले सो सामाजिक परीक्षण प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरी मुख्य-मुख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) बिश्लेषण गरी सार्वजनिक गर्नेछ । सामाजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भबिष्यमा नदोहोरिने गरी सुधार गर्न गाउँपालिकाले नीतिगत निर्णय गर्नेछ ।

## ४. अध्ययनको सीमा

राप्ती गाउँपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्षेत्र र सीमा निम्नानुसार रहेका छन् :

- गाउँपालिकाले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएको ।
- गाउँपालिकाले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको अध्ययन गरिएको ।
- गाउँपालिकाले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएको ।
  *(यसमा संघ, प्रदेश  र अन्य मन्त्रालयले दिने प्रत्यक्ष सेवा समावेश गरिएको छैन ।)*
- समय तथा श्रोत साधनको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणमा गर्दा आवश्यक व्यक्ति समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा बिश्लेषण गर्न सकिएको छैन तर पनि प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा बिशेष जोड दिइएकोछ ।

## ५. बृहत छलफल कार्यक्रमको विवरण

क. मिति : २०८१/०२/२४

ख. स्थान : राप्ती गाउँपालिकाको सभाहल

ग. समय : दिउँसो ३ बजेदेखि

## ६. स्थानीय तह र विषयगत कार्यालय/गैर सरकारी संस्थाहरुको विवरण

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५ अनुसारको विवरणको सामाजिक परीक्षण प्रतिवेदनको ***अनुसूची-१*** मा राखिएकोछ । साथै गाउँपालिकास्थित गैरसरकारी संस्थाहरु संग खासै कार्य नगरिएको हुदाँ उनीहरुलाई अध्ययनको क्षेत्रभित्र समेटिएको छैन ।

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजा उत्कृष्ठ रहेको ।

- स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा उत्कृष्ठ रहेको । (दाङ जिल्लाभरमा प्रथम स्थानीय तह भएको ।)
- सेवा प्रवाहको लागि आवश्यक संरचना हुनुको साथै करार समेतले गर्दा कर्मचारी पर्याप्त भएको ।
- वेभसाइडमा नै सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम राखिएको ।
- गाउँपालिकाको चौमासिक रुपमा सार्वजनिक सुनुवाई संचालन भएको ।
- हरेक योजनाको सार्वजनिक परीक्षण अनिवार्य गर्ने गरिएको ।
- कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुसार अध्यापन गराउन थालिएको ।
- गाउँपालिका क्षेत्रमा रहेका राजनैतिक दल र जनप्रतिनिधिसँग नियमित सहकार्य तथा समन्वय हुने गरेको ।
- गाउँपालिकाले एकिकृत घुम्ती शिविर मार्फत समुदायमा गएर सेवा प्रवाह गरेको ।
- आन्तरिक आय बृद्धिका लागि सरोकारवालासँग अन्तरक्रिया/छलफल भएको ।
- विभिन्न सफ्टवेयरको प्रयोगद्वारा नागरिकलाई सेवा सुविधामा प्रवाह गरिएको ।
- राप्ती गाउँपालिकाको आवधिक योजना निर्माण भई सोही अनुसार गरिएको ।
- राप्ती गाउँपालिकाको १७५ युवा युवतीलाई निशुल्क लोक सेवा कक्षा संचालन गरिएको ।
- सबै विद्यालयहरु प्रविधिमैत्री बनाउने कार्यका लागि कम्प्युटर, ल्यापटप र प्रिन्टरको व्यवस्था गरिएको ।
- गाउँपालिकाको ६६ जन विपन्नलाई उपचारको लागि सिफारिस तथा आर्थिक सहयोग गरिएको ।
- गाउँपालिकाको ४६६ जना सुत्केरी महिला उपाध्यक्ष कोशेली कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित तथा २०१३ जना जेष्ठ नागरिकहरुलाई घरमा नै गई जाँच तथा उपचार गराइएको ।
- वडा नं. ८ मा कृषि एम्बुलेन्स सहित कृषि संकलन केन्द्र स्थापना गरिएको ।
- कृषि अनुदान तथा बिऊ बिजनबाट कृषकहरुलाई प्रत्यक्ष फाइदा पुगेको ।
- ४ टन क्षमताको साना चिस्यान केन्द्र स्थापना गरिएको ।
- पशु स्वास्थ शिविर मार्फत दुर्गम क्षेत्रमा सेवा प्रवाह गर्नुको साथै लम्पीस्कीन डिजिजको निःशुल्क उपचार गरिएको ।
- गाउँपालिकामा ४९२७ कृषक सूचीकृत गरी नियमित सेवा प्रवाह गरिएको ।
- सहकारीको अनुगमन तथा व्यवस्थापनमा पहल गरिएको ।
- गाउँपालिका मार्फत संचालन भएका आयोजनामा रोजगारीको तथ्याङ्क अध्यावधिक गर्नुको साथै न्यूनतम रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचीकृत ९८ जना बेरोजगार ब्यक्तिलाई रोजगारी उपलब्ध गराईएको ।
- गाउँपालिका क्षेत्रमा ४.८ किलोमिटर सडक कालोपत्रे हुनुका साथै ९.६ किलोमिटर ग्राबेल र १०.६ किलोमिटर सडकको स्तरोन्नत्ती गरिएको ।
- घरनक्सा अभिलेखीकरणलाई ब्यवस्थित गर्दै ३७२ वटा घरको नक्सापास भएको ।
- गाउँपालिकाको ९ वटै वडामा खानेपानी तथा सरसफाई समिति गठन गरी सरसफाई सचेतना कार्यक्रम सम्पन्न भएको ।
- हरित सडक लुम्बिनीको पहिचान मार्फत सडक किनारा सौन्दर्यकरण कार्यक्रम अन्तर्गत वडा न ४ मा देविकोट जाने बाटोको दाँयाबाँया बृक्षरोपण गरिएको ।
- कर्मचारी तथा जनप्रतिनिधिको लागि क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिएको ।

- गाउँपालिकामा शुसासनलाई प्रबर्द्धन गर्न विद्युतिय हाजिरी प्रणालीको व्यवस्थापन गरी प्रयोग गरिएको ।
- गाउँपालिका तथा वडास्तरबाट संचालित विभिन्न २०३ योजनाहरुको अनुगमन गरिएको साथै योजना कार्यक्रमलाई प्रभावकारी बनाउन योजना व्यवस्थापन प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईएको ।
- युवाहरुलाई स्वरोजगार बनाउने उद्देश्यका साथ आवेदन आव्हान गरेकोमा ४०२ जनाको आवेदन प्राप्त भएकोमा ४५ जनालाई सरसफाई सामाग्री उत्पादन गर्ने सीपयुक्त तालिम प्रदान गरिएको ।
- गरीबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तरगत ४० जनालाई ७० दिने सिलाईकटाई तालिम प्रदान गरिएको ।
- गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गरिएको ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको सम्पुर्ण वडामा लगत सङ्कलन गरी सो को सम्पूर्ण लगत प्रबिष्टी भई कूल जम्मा ४५८७ जनालाई घुम्ती शिविर मार्फत निस्सा वितरण कार्य सम्पन्न गरिएको ।
- ९१९ जनाले जेष्ठ नागरिक परिचयपत्र र ४६ जनाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका ।
- गाउँपालिकामा सेफ हाउस संचालन गरिएको ।
- किशोरीहरुलाई आत्मरक्षा तालिम सम्पन्न गरिएको ।
- बिभिन्नबर्ग समुदायका लागि सीप बिकास कार्यक्रम (कम्प्युटर, ड्राइभिङ, ईलेक्टिसियन,प्लम्बिन) सम्पन्न गरिएको ।
- गाउँपालिकामा तेस्रो लिङ्गीको तथ्याङ्ग संकलन तथा क्षमता बिकास तालिम संचालन गरिएको ।

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु

- अनुगमन तथा मूल्याङ्कलाई समयबद्ध र सूचकमा आधारित बनाउन नसक्नु ।
- गाउँपालिका तथा केही वडाहरुको आफ्नै प्रशासनीक भवन भएपनि प्रदेश मन्त्रालयलाई बस्न दिँदा केही समस्या भएको ।
- राजस्व व्यवस्थापनमा नदिजन्य पदार्थको व्यवस्थापनमा कानूनी तथा व्यवहारिक अड्चनहरु कायम रहनु ।
- हालसम्म गाउँपालिकाबाट गाउँ प्रहरीको ब्यवस्थापन गर्न नसकिएको ।
- हरेक ठाउँमा अर्थपूर्ण जनसहभागीता घट्दै गएको ।
- गाउँपालिका तथा वडामा सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्ने औजारहरु (सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण) को प्रभावकारी र नियमित प्रयोग नभएको ।
- लैससासको बिश्लेषण हुन नसकेको ।
- शाखागत समन्वय तथा शाखालाई पूर्ण जिम्मेवारी दिन नसकिएको ।
- खेतीयोग्य जमिनहरु वस्तीमा रुपान्तरण भएको हुँदा टुक्रिएको कारण कृषियोग्य जमिनहरु सकिने अवस्था रहेको ।
- साझा सवालमा साझा बुझाई कायम गर्न नसकिएको ।
- जनप्रतिनिधि,कर्मचारी र लाभग्राहीको समयानुकूल क्षमता विकास हुन नसकेको ।

- संघीय समानिकरण र राजस्व बाँडफाँड रकम न्यून तथा समयमा नआउँदा आयोजना फरफारकमा कठिनाई भएको ।
- आयोजना कार्यक्रम तयारी चरणमा प्रयाप्त ध्यान नपुग्दा अपेक्षित उपलब्धी हासिलमा कठिनाई भएको ।
- गाउँपालिकाको बाार्षिक नीतिले सबै वर्ग तथा क्षेत्रलाई समेट्न नसकेको ।
- सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको ।
- लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने खानेपानी तथा सरसफाईको क्षेत्रमा गाउँपालिकाको कार्यक्रम, लगानी र उपलब्धी कम भएको ।
- आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक र साँस्कृतिक तथा मानविय रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन नसकेको ।

## ९. सामाजिक जिम्मेवारी पूरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

### क. गाउँपालिका (समग्र)

- गाउँपालिकाको बार्षिक योजना तथा नीतिहरू तयार गर्दा राष्ट्रिय नीति र गाउँपालिकाको आवधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरूलाई ध्यान दिनुपर्ने ।
- गाउँपालिकाको आवधिक योजनाको समय सकिएको हुँदा यथाशीघ्र आवधिक योजना बनाई सोही अनुसार कार्य गर्नुपर्ने ।
- सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण) लाई स्थानीयकरण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- गाउँपालिकामा गाउँ प्रहरीको नियुक्ति गरी कार्य गर्नुपर्ने ।
- स्थानीय सरकार भएकाले शाखाको कार्यलाई प्रभावकारी बनाउन शाखा प्रमुखलाई पूर्ण जिम्मेबारी सहित काम गर्ने अधिकार दिनुपर्ने ।
- गाउँपालिकाको विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकीकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने ।
- भवन निर्माण आचारसंहिता सहित अनिवार्य रुपमा लागू गर्नुपर्ने ।
- गाउँपालिकामा क्षतिपूर्ति सहितको नागरिक बडापत्र राख्नुपर्ने ।
- अन्य गाउँपालिकाबीच साझा चासोका विषय र परियोजनाहरूको पहिचान गरी सहकार्य बढाउनुपर्ने ।
- गाउँपालिकाको लागि आवश्यक नीतिहरु समयमा बनाई प्रभावकारी कार्यान्वयन गराउनुपर्ने ।
- जनप्रतिनिधि तथा कर्मचारीको आचार संहिता बनाई कार्यस्थलमा राख्नुपर्ने ।
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको भौतिक पूर्वाधार व्यवस्थापन पक्ष कमजोर देखिएको तथा स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको राजश्व व्यवस्थापनको नतिजा कमजोर देखिएको हुँदा नतिजा सत् प्रतिशत आउने गरी कार्य सम्पादन गर्नुपर्ने ।
- गाउँपालिकाको तर्फबाट उत्कृष्ठ सेवा प्रवाह गर्ने कर्मचारीलाई दिइएको पुरस्कारको व्यवस्थालाई व्यवस्थित गर्दै निरन्तरता दिनुपर्ने ।
- गाउँपालिकाले योजना तर्जुमा गर्दा रोजगारी र गरीबी निवारण लक्षित योजनाहरू समावेश गर्नुपर्ने ।
- कर्मचारी र जनप्रतिनिधिबीचको हार्दिकता बढाउनु पर्ने ।

- टोल बिकास संस्था तथा विभिन्न समूह मार्फत भ्रष्ट्राचार र सुशासनको अभियान संचालन गराउनुपर्ने ।
- गाउँपालिकाको आन्तरिक आर्थिक श्रोत बृद्धिमा दर भन्दा दायरा फराकिलो बनाउनुपर्ने ।
- वातावरणको संरक्षण एवं प्रबर्द्धन गरी पर्यटन विकासमा जोड दिने योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- गाउँपालिकाले सेवा प्रवाह निर्देशिका बनाई कार्यपालिका बैठकमा प्रस्तावको रुपमा नै सेवा प्रबाह प्रक्रियाको विषयलाई समावेश गरी छलफल गर्नुपर्ने ।
- गाउँपालिकाको बार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतीहरू अद्यावधिक गरी वेवसाइटमा राख्नुपर्ने ।
- स्थानीय सरकार संचालन ऐनले तोके अनुसार आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक गर्नुपर्ने ।
- गाउँ कार्यपालिकाका उपाध्यक्ष, सबै वडा अध्यक्षसँग अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुखसँग कार्य सम्पादन करार गरी नतिजामा आधारित कार्यलाई प्रोत्साहन गर्नुपर्ने ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा बिद्युतीय प्रणालीको प्रयोग अनिवार्य गर्नुपर्ने ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका क्षेत्रहरु पहिचान गरी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- सार्वजनिक सेवामा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग बढाउनु पर्ने ।
- गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट आर्थिक वर्षको शुरुमै विभिन्न माध्यमबाट सार्वजनिक गर्ने र सरोकारवालाहरूलाई जानकारी गराउनु पर्ने ।
- स्थानीय गैससँग प्रभावकारी रुपमा समन्वयमा कार्यक्रम संचालन गरी अनुगमन, मूल्याङ्कन र सहयोग बढाउनु पर्ने ।
- गाउँपालिकाको अनुगमन, मूल्याङ्कन प्रणालीलाई ब्यवस्थित तथा नतिजामा आधारित बनाउनु पर्ने । साथै योजनाहरुको कार्यविधि अनुसार सार्वजनिक परीक्षण गरी प्रतिवेदन पेश गरे/नगरेको विषयमा स्थलगत रुपमा प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- गाउँपालिका तथा मातहतका निकायमा नागरिक बडापत्र र उजुरी पेटिकालाई नागरिकको सहज पहुँचमा राखी प्रभावकारी र ब्यवहारिक बनाउनु पर्ने ।
- बैंक तथा वित्तीय संस्थासँग सह लगानीमा उद्यम विकास कोष स्थापना गर्दै वित्तीय संस्थाको लगानीको निश्चिचतताको लागि निश्चित् प्रतिशत गाउँपालिकाले गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्ने ।
- सडकहरुको नियमित मर्मत सम्भार गर्न मर्मत सम्भार कोषको स्थापना गर्नुपर्ने साथै उक्त बजेट उपभोक्ता समितिलाई अनिवार्य ब्यवस्थापनको नीति कार्यान्वयन गर्नुपर्ने ।
- बस्ती/बस्तीमा प्रतिक्षालय, पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माणको नीति लिई कार्यान्वयन गर्नुपर्ने ।

**ख. स्वास्थ्य सेवा तर्फ**

- प्रत्येक वडालाई पायक पर्नेगरि प्रसुति सेवा सहितको स्वास्थ्य सेवा स्थापना गर्नुगर्ने ।
- सरुवा तथा महामारीका रोगहरुको ब्यवस्थापनका लागि अस्पतालको सेवाहरु विस्तार गर्नुगर्ने ।
- स्वास्थ्य संस्थाको स्तर अनुसार एक्स-रे, स्वास्थ्य प्रयोगशाला जस्ता न्यूनतम सेवा दिने उपकरण र जनशक्तिको व्यवस्था गर्नुपर्ने ।

- स्वास्थ्य संस्थामा रहेका बर्थिङ्ग सेन्टरहरुको गुणस्तरमा बृद्धि गर्नुपर्ने ।
- विकट क्षेत्र, अपाङ्गता, अशक्त, असहाय बृद्धहरुलाई गाउँघरमा स्वास्थ्य सेवा प्रदान गर्ने ब्यवस्था मिलाउनु पर्ने ।
- आमा समूह तथा स्वास्थ्य संजाललाई सक्रिय बनाउनुपर्ने ।
- स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको नि : शुल्क औषधी सरल र सहजरुपमा पाउने व्यवस्था मिलाउनु पर्ने ।
- सबै नागरिकको पहुँच हुने स्वास्थ्य बीमाको कार्यक्रमलाई बिस्तार गरी गर्नुपर्ने ।
- नसर्ने रोगको रोकथामका लागि जनसमुदायमा योग, आयुर्बेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापन बारे सचेतना कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा संचालन गर्नुपर्ने ।
- जटिल तथा खर्चिला रोगको उपचारलाई सहज तुल्याउन विपन्न वर्गलाई लक्षित गरी कोषको स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- किशोरावस्थाको गर्भधारणले ल्याउन सक्ने जटिलताबारे जनचेतना जगाउन विद्यालय मार्फत सचेतनाको लागि बिशेष शैक्षिक कार्यक्रम संचालन गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाहरुमा समेत सामाजिक परीक्षण अनिवार्य संचालन गराउनुपर्ने ।

### ग. शिक्षा तर्फ

- विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्न विद्यालय सुधार योजना प्रभावकारी बनाउनु पर्ने ।
- बर्तमान शैक्षिक अवस्थाको बिस्तृत अध्ययनगरी दीर्घकालीन शिक्षा गुरु योजना बनाई लागू गर्नुपर्ने ।
- शिक्षकको अध्यापन क्षमता बृद्धि गर्न विभिन्न बिषय शिक्षण विधि सम्बन्धी तालिम प्रदान गर्नुपर्ने ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारी रुपमा लागू गर्नुपर्ने ।
- परीक्षा प्रणालीमा सुधार गरी निरन्तर तथा आवधिक मूल्याङ्कन विधिलाई संस्थागत गर्दै प्रत्येक विद्यार्थीको सिकाई उपलब्धीको अभिलेख राख्नुपर्ने ।
- प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थी र शिक्षक कक्षाकोठाको अनुपात मिलाई शैक्षिक सामग्री र उपकरणको व्यवस्था मिलाउनु पर्ने ।
- विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाई एवं वातावरणीय शिक्षा, नैतिक एबं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलव्ध गराउनु पर्ने ।
- विद्यार्थीको प्रतिभा पहिचान तथा प्रस्फुटन गर्न थप सिकाईको अवसर प्रदान गर्न अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिनुपर्ने ।
- विद्यालयदेखि नै प्राविधिक शिक्षा र व्यवसायिक तालिममा प्रोत्साहन गर्नुपर्ने ।
- गाउँपालिकामा बहुप्राविधिक विद्यालय स्थापनाको लागि पहल गर्नुपर्ने ।
- विद्यालयमा आवश्यकता अनुसार शौचालय, घेरबारा, बालमैत्री एवं अपाङ्गमैत्री पूर्वाधार, पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण गर्नुपर्ने ।
- प्रत्येक विद्यालयमा स्यानेटरी प्याडहरुको व्यवस्था सुविधा सहितको बालिका शौचालयको व्यवस्था गर्नुपर्ने ।
- विद्यालयमा कम्प्युटर, इन्टरनेट, डिजिटल प्रविधिका उपकरणहरु लगायत आधुनिक प्रविधिका शिक्षण सिकाईमैत्री उपकरणहरु जडान तथा उपयोग गर्नुपर्ने ।
- विद्यालयमा समेत इ-हाजिरी अनिवार्य ब्यवस्थापन गर्नुपर्ने ।
- साक्षरता कार्यक्रममा गैरसरकारी संस्थाहरूको परिचालन र समन्वय बृद्धि गर्नुपर्ने ।

- भर्ना हुन नसकेका र शिक्षाको पहुँच नपुगेका बालबालिकालाई विद्यालय भर्ना गरी गाउँपालिकालाई सतप्रतिशत विद्यालय भर्नाको सूचीमा राख्नका लागि विशेष कार्यक्रम तय गर्नुपर्ने ।

**<u>घ. खानेपानी तथा सरसफाई</u>**

- सबै घरधुरीलाई पाइपद्वारा एकघर एक धारा स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्ने ।
- खानेपानीका निर्माणाधिन योजनाहरु पूरा गर्न प्राथमिकता दिनुपर्ने ।
- खानेपानी तथा सरसफाइ गुरुयोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।
- खानेपानीको गुणस्तर परीक्षण गर्ने जनशक्ति तथा प्रयोगशालाको व्यबस्थापन गर्नुपर्ने ।
- हरेक घरधुरीमा शौचालय सहितको सरसफाईको व्यवस्था गर्नुपर्ने ।
- बजारकेन्द्र तथा सार्वजनिक स्थलमा समेत सार्वजनिक र नि : शुल्क शौचालयको व्यवस्था गर्नुपर्ने ।
- खानेपानीको सदुपयोग तथा सरसफाइ सम्बन्धी जनचेतना जगाउन टोल विकास संस्था, आमा समूह, सहकारी संस्था तथा अन्य सरोकार समूह आदिलाई परिचालन गर्नुपर्ने ।
- जैविक फोहोरलाई घरमा मै व्यबस्थित गर्ने प्रणालीको लागि विषेश कार्यक्रम ल्याउनुपर्ने ।
- बजार क्षेत्रको फोहोरलाई व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन केन्द्र (लैण्डफिल साइट) को दीगो व्यवस्थापन गर्नुपर्ने ।

**<u>ङ. बालबालिका, महिला र समावेशी क्षेत्र</u>**

- बञ्चितीकरणमा परेका जाति, वर्ग, लिङ्ग र समुदायको लागि विशेष क्षमता विकासका कार्यक्रम, आय र रोजगारीमूलक सीप विकास, नेतृत्व विकास, बित्तीय साक्षरता, सामाजिक सचेतना जस्ता कार्यक्रम संचालन गर्नुपर्ने ।
- लैससास रणनीति तयार गरी स्थानीयस्तरमा रहेका संघ संस्थालाई सोको कार्यान्वयनको लागि समन्वय गर्नुपर्ने ।
- समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकारात्मक विभेदको नीति लिनुपर्ने ।
- सबै पेशा, रोजगार, व्यवसायमा समतामूलक सहभागीता सुनिश्चितता लागि नीतिगत व्यवस्था गर्नुपर्ने ।
- महिला, दलित, जनजाति एवं अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिको क्षमता विकासमा बिशेष व्यवस्था गर्नुपर्ने ।
- निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभीगता बढाउदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गराउनु पर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, साँस्कृतिक, प्रशासनिक क्षेत्रमा सहभागीता सुनिश्चित गर्न सामाजिक सुरक्षा र सकारात्मक विभेद सहितको संरक्षणको व्यवस्था मिलाउनु पर्ने ।
- सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदिलाई बालमैत्री, लैंगिकमैत्री, अपाङ्गमैत्री तथा समावेशी हुने गरी निर्माण गर्नुपर्ने ।
- बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका बिभेद, दुर्व्यवहार, शोषण, बालश्रम, बलात्कार, बेचबिखन, ओसारपसार जस्ता अपराध बिरुद्ध सचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।
- बालबालिकाको लागि विद्यालय र वडास्तरमा आवश्यक बजेट विनियोजन गरी पार्क निर्माण, खेलकुद सामाग्री वितरण जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल, र अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने ।
- कानून अनुसार ज्येष्ठ नागरिक तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वडा एवं टोलस्तरमा उपलब्ध गराउनु पर्ने ।
- मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरुको संरक्षण तथा पूनर्स्थापनाको लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरुको प्रभावकारी संचालन गर्नुपर्ने ।
- वडा तथा गाउँपालिका स्तरीय महिला सञ्जाल गठन गरी सचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

**च. स्वरोजगार**

- उद्यम व्यवसायका लागि सहुलीयतपूर्ण कर्जा उपलब्ध गराउन नीतिमा नै समावेश गरी बित्तीय सस्थाहरुसँग सहजीकरण गर्नुपर्ने ।
- श्रममूलक प्रविधिको प्रयोग गरी स्थानीय विकास कार्यमा स्थानीय नागरिक परिचालन गर्नुपर्ने ।
- नीजी क्षेत्र, गैसस र विकास साझेदारहरुसँग समन्वय गरी रोजगारीका अवसरहरु बृद्धि गर्नुपर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाले विदेशमा सिकेको सीप र उद्यमशीलताको गर्न बिशेष अनुदानका व्यवस्था गर्नुपर्ने ।
- परम्परागत सीपको आधुनिकीकरण गरी रैथाने सीप र पेशाको व्यवसायीकरण गर्नुपर्ने ।
- रोजगार अभिबृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाउनु पर्ने ।

**छ. कृषि, पशुपालन तथा सिंचाईं**

- खरेडी वा सुख्खा सहन सक्ने जातका बिरुवाहरुको प्रचार गरी कृषकलाई आकर्षित गर्नुपर्ने ।
- कृषि बीमाको कार्यक्रमलाई प्राथमिकताको साथ लागू गर्नुपर्ने ।
- आधुनिक कृषि उपकरणको प्रयोगलाई अनुदान केन्द्रीत योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- मेला महोत्सबमा कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई ब्राण्डको रुपमा राख्न गाउँपालिकाले प्रोत्साहन गर्नुपर्ने ।
- व्यवसायीक खेती कार्यक्रम संचालन गर्न प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम संचालन गर्नुपर्ने ।
- कृषकलाई पर्याप्त अनुदानमा कृषि उपकरण, विऊ बिजन दिनुको साथै सबै वडाहरुमा कृषि सेवाकेन्द्र प्राविधिक सहित व्यवस्थापन गर्नुपर्ने ।
- सहकारी र नीजि क्षेत्रसँग सहकार्य गरी कृषकलाई आवश्यक मल, बीऊ लगायत कृषि सामग्री र औषधिको सुलभ उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने ।
- कृषकलाई सम्मान तथा प्रोत्साहन गर्दै सिचाई सुविधाको वैकल्पिक व्यवस्था मिलाउनु पर्ने ।
- रोगकिरा नियन्त्रणका लागि कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- कृषि उत्पादन संकलन केन्द्रको आधुनिकीकरण गर्नुपर्ने ।
- बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्नुपर्ने ।
- प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने ।
- कृषि ज्ञानकेन्द्रको सहकार्यमा घुम्ती कृषि पाठशाला कार्यक्रम संचालन गर्नुपर्ने ।
- तरकारीको लागि विभिन्न पकेट क्षेत्र बनाउनु पर्ने ।

- गरीब तथा विपन्न वर्गलाई जीविकोपार्जनका प्रत्यक्ष सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गर्नुपर्ने ।
- पशु व्यवसायलाई प्रबर्द्धन गर्न आवश्यकता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने ।
- उन्नत जातका पशुपंक्षीको व्यवसायिक पालन गर्नका लागि अनुदान तथा शुलभ ऋणको व्यवस्था गर्नुपर्ने ।
- सहकारी र नीजी क्षेत्रसँग सहकार्य गरी उपचार सेवा, नश्ल सुधार र प्रविधि उपलब्ध गराउनु पर्ने ।
- पशुपंक्षी आहारा र उन्नत घाँस उत्पादनलाई प्रोत्साहित गर्नुपर्ने ।
- स्थानीयस्तरमा पशु बधशाला स्थापना गर्न अनुदानको व्यवस्था गर्नुपर्ने ।
- समुदायका नागरिकलाई पायक पर्ने स्थानमा बजारीकरणको व्यस्थापन गर्दै जानुपर्ने ।
- पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने ।
- दुग्ध तथा मासुजन्य बस्तुको लागि पकेट क्षेत्र बनाउनुपर्ने ।
- सिंचित क्षेत्रको विस्तारको लागि विशेष योजना बनाई लागू गर्नुपर्ने ।

सामाजिक परीक्षकको नाम : **राजु खनाल/उमङ्ग मैनाली/रमेश सिंह थापा/केशव पौडेल**
संस्थाको नाम (यदि संस्था भएमा) : **सोलुसन रिसर्च पोइन्ट प्रा.लि कीर्तिपुर, काठमाण्डौं**

**समाप्त**

## अनुसूची-१




सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि,२०७७ को अनुसूची-५ अनुसारको विवरण

### १. गाउँपालिकाको परिचय

नेपालको मध्य पश्चिम क्षेत्रमा रहेको दाङ जिल्लाको पूर्वीभागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरे क्षेत्रमा अवस्थितछ । गाउँपालिका जातिगत तथा साँस्कृति रुपमा बिशिष्टता र बिविधता बोकेको गाउँपालिका रहेकोछ । आदिवासी थारु, मगर र क्षेत्री ब्राम्हणको समेत गाउँपालिकामा बसोवास रहेकोछ । यस गाउँपालिकाको पूर्वी तथा दक्षिणी भागबाट समग्र देउखुरीकै सम्पत्ति, प्रमुख ऐतिहासिक श्रोतको रुपमा रहेको र समुन्नत कृषि प्रणालीको आधार राप्ती नदीले यस गाउँपालिकालाई चिनाएकोछ । ऐतिहासिक तथा पर्यटकीय महत्व तथा प्रसिद्ध धार्मिक आस्थाको केन्द्रको रुपमा रहेका प्रसिद्ध भद्राक्षी देवी मन्दिर गाउँपालिकामा पर्दछ । स्वस्थानी ब्रत कथामा उल्लेख भए अनुसार महादेव पत्नी सतीदेविको देब्रे घुँडा पतन भएको स्थान यो ऐतिहासिक तथा प्रसिद्ध महत्वका स्थल यस गाउँपालिका भित्र पर्दछ ।

राप्ती गाउँपालिका साविकमा भएका ३ वटा गाउँविकास समितिहरु लालमटिया र सिसहनीयाको सबै भाग तथा हाँसिपुर गाउँविकास समितिका साविक वडा नं. १ र २ वडालाई पूर्नसंरचना गरी हाल ९ वटा वडामा पूर्नसंरचना गरिएको छ । हाल यसको प्रशासनिक केन्द्रको रुपमा मसुरिया रहेकोछ । गाउँपालिका २७ डिग्री ४९ मिनेट ५ सेकेण्ड देखि २७ डिग्री ५५ मिनेट १५ सेकेण्ड उत्तरी अक्षास सम्म र ८२ डिग्री ३६ मिनेट ८ सेकेण्ड देखि ८२ डिग्री ४८ मिनेट २६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ । कूल क्षेत्रफल १६१.०७ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा राप्ती नदीपारी अर्घाखाँची जिल्ला र दक्षिणमा राप्ती नदी तथा गढवा गाउँपालिका, उत्तरमा घोसखोला र बंगलाचुली गाउँपालिका तथा पश्चिममा लमही नगरपालिका रहेकोछ । यस गाउँपालिकाको बीचबाट करिव १५ कि.मि पूर्वपश्चिम राजमार्ग पर्दछ । यो गाउँपालिका समथर

तथा सिंचाई सुविधा भएको कारण अति उर्वर समेत भएकाले कृषि खेती तथा तरकारी वालीको लागि राम्रो संभावना रहेकोछ । २०७८ सालको जनगणना अनुसार गाउँपालिकाको जनसंख्या ५२ हजार १ सय ५८ रहेकोछ भने गाउँपालिकाभित्र १० हजार ९ सय ४० घरसंख्या र ११ हजार ८ सय ३७ परिवार संख्या रहेकोछ । दाङ जिल्लाको निर्वाचन क्षेत्र नं. १ (क) अन्तर्गत पर्ने राप्ती गाउँपालिकाको केन्द्र वडा नं. ३ को मसुरियामा रहेकोछ ।

## २. स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू (बुंदागत रूपमा लेख्ने):

### क. ध्ययेे

सामाजिक आर्थिक, पर्यावरण, सुशासन र पूर्बाधार सुखी र समृद्ध नागरिक, राप्ती गाउँपालिकाको आधार भन्ने मूल ध्यये लिइएकोछ ।

### ख. बजेटका उद्देश्यहरु

- संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको अधिकारमा सूचीको कार्यान्वयन ।
- स्वास्थ्य, शिक्षा तथा सामाजिक विकासको क्षेत्रमा सुधार ।
- राप्तीबासी जनताको आर्थिकस्तर बृद्धिमा सघाउ पुऱ्याउने ।
- सामाजिक न्याय तथा समावेशिकरणको सुनिश्चितता गर्ने ।
- विकासका पूर्वाधारहरुको निर्माण र सबलीकरण गर्ने ।
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनलाई व्यवस्थित गर्ने ।
- रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने ।
- जीबनस्तरमा सुधार ।

### ग. बजेट प्राथमिकताका क्षेत्रहरु

- सामाजिक विकास ।
- राजधानी व्यवस्थापनका लागि आधार तथा समन्वय गर्ने ।
- पूर्वाधार विकास ।
- सार्वजनिक सेवा प्रवाह र सुशासन ।
- रोजगारी सिर्जना ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ।
- पर्यटन तथा साँस्कृतिक संरक्षण ।

## ३. गत बर्षको मुख्य उपलब्धीहरु (बुंदागत रूपमा लेख्ने):

राप्ती गाउँपालिकाबाट आर्थिक वर्ष २०७९/०८० कार्यान्वयन भएका योजनाहरुको विवरण निम्नानुसार रहेका छन् :

| क्र.सं | योजनाको नाम | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|

| | | भएको | नभएको | आशिक भएको | |
|---|---|---|---|---|---|
| १ | निर्माणाधिन सुगुरेखोला कल्भर्ट | भएको | | | ठेक्का |
| २ | निर्माणाधिन राप्ती चक्रपथ (बसन्तपुरदेखि खुरुरीया खण्ड) | भएको | | | ठेक्का |
| ३ | निर्माणाधिन राप्ती चक्रपथ (सिसहनिया मिलन चोकदेखि बसन्तापुर खण्ड) | भएको | | | ठेक्का |
| ४ | नवप्रतिभा स्कुल जानेबाटो स्तरोन्नती (प्रदेश समपुरक) | भएको | | | ठेक्का |
| ५ | निर्माणाधिन वडा नं. ४ को प्रशासनिक भवन निर्माण | भएको | | | ठेक्का |
| ६ | मा.वि मौरीघाट सडक स्तरोन्नती | भएको | | | ठेक्का |
| ७ | श्री नुतन बाल उद्यान प्रा.वि २ कोठे भवन निर्माण | भएको | | | ठेक्का |
| ८ | श्री जनता आ.वि करङ्गेकोट मा ४ कोठे भवन निर्माण | भएको | | | उपभोक्ता समिति |
| ९ | पिपरी शिव मन्दिर पुर्व तर्फ रहेको खाली जग्गामा हरित पार्क निर्माण | भएको | | | उपभोक्ता समिति |
| १० | खौराहा बाबा पर्यटकीय स्थल निर्माण | भएको | | | उपभोक्ता समिति |
| ११ | श्रीनगर धार्मिक तथा पर्यटकीय क्षेत्र विकास | भएको | | | उपभोक्ता समिति |
| १२ | कृषि मार्गदेखि बिहानी मार्गसम्मको बाटो स्तरोन्नती | भएको | | | वडा नं १ |
| १३ | दुर्गा हिमाल मार्ग बाटो स्तरोन्नती | भएको | | | वडा नं १ |
| १४ | देसी मस्जिद भालुबाङमा भवन तथा शौचालय निर्माण | भएको | | | वडा नं १ |
| १५ | नव प्रतिभा आधारभूत विद्यालयमा पर्खाल निर्माण र मर्मत सम्भार | भएको | | | वडा नं १ |
| १६ | पाखापानी शान्ति मार्गमा बाटो स्तरोन्नती | भएको | | | वडा नं १ |
| १७ | पुलचोक ग्रीन पार्क सहित पूर्व तर्फ रोल्पाली गल्ली बाटो स्तरोन्नती | भएको | | | वडा नं १ |
| १८ | पुल्चोक सम्सान घाट जाने बाटो स्तरोन्नती र प्रर्तिक्षालय निर्माण | भएको | | | वडा नं १ |
| १९ | प्युठान रोडसँग साटेको भुक्चड गल्लीमा बाटो स्तरोन्नती | भएको | | | वडा नं १ |
| २० | बगासोतीमा सामुदायिक ट्रस्ट निर्माण | भएको | | | वडा नं १ |
| २१ | भालुबाङ मिनी बसपार्क नजिक ट्रष्ट निर्माण | भएको | | | वडा नं १ |
| २२ | शान्तिटोल भालुबाङमा नाली निर्माण | भएको | | | वडा नं १ |
| २३ | मदरसा दारुलहुदा (देशी मस्जित) भौतिक पूर्बाधार निर्माण | भएको | | | वडा नं १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | मिनिबस पार्क निर आँपखोली बाटोमा नाला निर्माण | भएको | | | वडा नं १ |
| २५ | रजाया मुस्ताफको पश्चिम तर्फ बाटोमा नाला निर्माण | भएको | | | वडा नं १ |
| २६ | मर्मत सम्भार राष्ट्रिय मा.वि. | भएको | | | वडा नं १ |
| २७ | लुरे खोलाको घाटमा मलामी बस्ने घर | भएको | | | वडा नं १ |
| २८ | वडा कार्यालयदेखि हनुमान मन्दिर जाने बाटो स्तरोन्नती | भएको | | | वडा नं १ |
| २९ | शान्तिपुर चैतेमा महिला भवन व्यवस्थापन | भएको | | | वडा नं १ |
| ३० | शिवशिखर संस्थादेखि पुर्व हाइवे जाने बाटो नाली निर्माण | भएको | | | वडा नं १ |
| ३१ | साउखुट्टामा किरियापुत्रीलाइ प्रतिक्षालय निर्माण | भएको | | | वडा नं १ |
| ३२ | हुलाक रोडदेखि फेयरी खोलासम्म बाटो स्तरोन्नती | भएको | | | वडा नं १ |
| ३३ | दुर्गा मन्दिर राप्ती गा पा १ भालुबाङ दाङ<br>वडाको पूर्वाधार मर्मत सम्भार कार्यक्रम | भएको | | | वडा नं १ |
| ३४ | विपत् व्यवस्थापन | भएको | | | वडा नं १ |
| ३५ | कठाहा मिलबारीको बाटो ग्रेभल | भएको | | | वडा नं २ |
| ३६ | बुटेनी टोलमा बाटो मर्मत | भएको | | | वडा नं २ |
| ३७ | बाउन्नेपाटामा सडक मर्मत | भएको | | | वडा नं २ |
| ३८ | २ नं वडाका सडक मर्मत तथा ग्राभेल | भएको | | | वडा नं २ |
| ३९ | एकता नगर माउते टोलमा अधुरो नाला निर्माण | भएको | | | वडा नं २ |
| ४० | मुक्ति नगरदेखि टुँडिखेलसम्म डुवान तथा व्यवस्थापन | भएको | | | वडा नं २ |
| ४१ | कठाहा बाल विकास भवन मर्मत तथा व्यवस्थापन | भएको | | | वडा नं २ |
| ४२ | लालमटिया तथा टुडिखेल टोलमा भवन निर्माण तथा मर्मत | भएको | | | वडा नं २ |
| ४३ | एकता नगरमा कटान संरक्षण | भएको | | | वडा नं २ |
| ४४ | हर्षडाँडामा पर्यटकिय स्थल तथा पिकनिक स्पोट निर्माण | भएको | | | वडा नं २ |
| ४५ | सपांदी प्रा.बि स्यानिघोस मर्मत तथा व्यवस्थापन | भएको | | | वडा नं २ |
| ४६ | फुर्सी परियारको घर नेरको कुलोको छेउमा तारबार | भएको | | | वडा नं २ |
| ४७ | बाउन्नेपाटा गाँउघर क्लिनिक भवन निर्माण | भएको | | | वडा नं २ |
| ४८ | क्याम्पस रोडमा ग्राभेल | भएको | | | वडा नं २ |
| ४९ | कठाहा मरुवाथान संरक्षण | भएको | | | वडा नं २ |
| ५० | मुक्ति नगरको मणिरामको चौधरीको गल्ली मर्मत | भएको | | | वडा नं २ |
| ५१ | श्री सपांदी प्रा.बि स्यानिघोस | भएको | | | वडा नं २ |
| ५२ | लालमटिया बाल विकास भवन मर्मत | भएको | | | वडा नं २ |
| ५३ | कालिका सा.व.उ गिद्य अवलोकन टावर मर्मत तथा कार्यक्रम | भएको | | | वडा नं २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | कार्यक्रम खर्च अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष कार्यक्रम | भएको | | | वडा नं २ |
| ५५ | ग्राभेल अमानत | भएको | | | वडा नं २ |
| ५६ | ग्राभेल अमानत | भएको | | | वडा नं २ |
| ५७ | दृष्टि बिहिन भवन निर्माण | भएको | | | वडा नं २ |
| ५८ | हर्षेडाँडामा पर्यटकिय स्थल निर्माण तथा व्यबस्थापन | भएको | | | वडा नं २ |
| ५९ | वि.पि आधारभुत भवन रँगरोगन तथा माटो फिलिङ | भएको | | | वडा नं ३ |
| ६० | जनता प्रा बि खुरुरिया माटो फिलिङ | भएको | | | वडा नं ३ |
| ६१ | वडा नं ३ बाटो मर्मत | भएको | | | वडा नं ३ |
| ६२ | बाटो मर्मत गर्ने काम | भएको | | | वडा नं ३ |
| ६३ | बाटो मर्मत गर्ने काम | भएको | | | वडा नं ३ |
| ६४ | जाली लगाउने काम | भएको | | | वडा नं ३ |
| ६५ | मसुरिया खुरुरिया सडकमा पर्ने बाटोमा पर्ने जोगिया कुलो र मसुरिया कुलोमा कलभर्ट निर्माण | भएको | | | वडा नं ३ |
| ६६ | होमपाइप खरिद | भएको | | | वडा नं ३ |
| ६७ | ३ नं वडाका अती अबस्यक सबै बाटाहरु ग्राभेल | भएको | | | वडा नं ३ |
| ६८ | बसन्तापुर खुरुरिया  र मसुरियाका मडुवाथान मर्मत | भएको | | | वडा नं ३ |
| ६९ | मसुरिया क्लिनिक भवनमा शौचालय तथा ट्रस्टको प्रतिक्षालय  निर्माण | भएको | | | वडा नं ३ |
| ७० | बसन्तपुर स्वीजरल्यान्ड पार्कको अधुरो मञ्च फिनिसिङ | भएको | | | वडा नं ३ |
| ७१ | बिद्युत पोल तथा तार | भएको | | | वडा नं ३ |
| ७२ | खुरुरिया स्वास्थ्य चौकिको अधुरो तारबार | भएको | | | वडा नं ३ |
| ७३ | बसन्तपुर स्वीजरल्यान्ड पार्कमा शौचालय निर्माण | भएको | | | वडा नं ३ |
| ७४ | मसुरिया चोकदेखि बनजाने बाटोमा होमपाइप नजिक बाटो स्तरउन्नती, जाली लगाउने काम | भएको | | | वडा नं ३ |
| ७५ | मसुरिया खेत जाने कुमरान डगरमा पर्ने सानो नदीमा फड्के निर्माण | भएको | | | वडा नं ३ |
| ७६ | मुक्त कमैया बस्तीमा भवन निर्माण | भएको | | | वडा नं ३ |
| ७७ | बसन्तपुर महिला भवन निर्माण राप्ती गापा | भएको | | | वडा नं ३ |
| ७८ | बसन्तपुर मण्डली भवन निर्माण राप्ती ३ | भएको | | | वडा नं ३ |
| ७९ | मौरीघाट मण्डली भवन फर्निचर निर्माण राप्ती ४ | भएको | | | वडा नं ४ |
| ८० | बुढिचौर अधुरो शिव मन्दिर निर्माण | भएको | | | वडा नं ४ |
| ८१ | पिपरखुट्टि शुमन्त गिरीको घर नजिक कल्भर्ट मर्मत | भएको | | | वडा नं ४ |
| ८२ | पानसालेमा पक्की कुलो निर्माण | भएको | | | वडा नं ४ |
| ८३ | तिनघरे वि.क. टोल बाटो स्तरोन्नती | भएको | | | वडा नं ४ |
| ८४ | खिनौटादेखि मझनीगढ जाने बाटो स्तरोन्नती | भएको | | | वडा नं ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५ | कुनुवा गल्लिमा बाटो स्तरोन्नती | भएको | | | वडा नं ४ |
| ८६ | उच्च मा.वि. जाने बाटो स्तरोन्नती | भएको | | | वडा नं ४ |
| ८७ | मा वि मौरीघाट बाटो स्तरोन्नती | भएको | | | वडा नं ४ |
| ८८ | ह्युमपाईप खरिद तथा पोल खरिद | भएको | | | वडा नं ४ |
| ८९ | बाटो मर्मत | भएको | | | वडा नं ४ |
| ९० | दोलाई खोलामा पुल मर्मत कार्य | भएको | | | वडा नं ४ |
| ९१ | LM1,LM5,LM6 डिपबोरिङ मर्मत सम्भार | भएको | | | वडा नं ४ |
| ९२ | बिद्युत पोल तार खरिद व्यवस्थापन | भएको | | | वडा नं ४ |
| ९३ | सडक स्तरोन्नती, नाला निर्माण र डिपिङ ट्याङ्क निर्माण | भएको | | | वडा नं ४ |
| ९४ | वडा नं. ४ बाटो स्तरोन्नती | भएको | | | वडा नं ४ |
| ९५ | सिमलखुट्टि मभ्निनगढ बाटो स्तरोन्नती | भएको | | | वडा नं ४ |
| ९६ | श्री माध्यमिक विद्यालय मौरीघाट | भएको | | | वडा नं ४ |
| ९७ | वडा कार्यालयमा खानेपानी तथा भेषराज सरको घरनेर नाला मर्मत | भएको | | | वडा नं ४ |
| ९८ | लक्ष्मी गाई फर्म | भएको | | | वडा नं ४ |
| ९९ | जनज्योती आ.वि. मा ट्रस निर्माण | भएको | | | वडा नं ४ |
| १०० | खिनैटा मरुवाथान निर्माण | भएको | | | वडा नं ४ |
| १०१ | जनकपुर मरुवाथान निर्माण | भएको | | | वडा नं ४ |
| १०२ | ४ नं वडा कार्यालयमा कुवा निर्माण तथा अन्य आवश्यक स्थानका हैण्डपाईप जडान बितरण | भएको | | | वडा नं ४ |
| १०३ | थकरीकोट महिला भवन व्यवस्थापन | भएको | | | वडा नं ५ |
| १०४ | पहरुवा खेलकुद मैदान व्यवस्थापन | भएको | | | वडा नं ५ |
| १०५ | चेम्बर अफ कमर्सको भवनका लागि जग खन्ने काम | भएको | | | वडा नं ५ |
